# सामुदायिक इ-बुलेटिन

"दिगो र सुरक्षित"
सामुदायिक
बचत तथा ऋण सहकारी संस्था लि.
पनौती-४, टौखाल, काभ्रेपलाञ्चोक

"Secure &Sustainable"
samudayik
Saving & Credit Co-operative Society Ltd.
Panauti 4, Taukhal, Kavrepalanchowk

वर्ष: १ अंक: ३ प्रकाशित मिति: २०८२ वैशाख

## हार्दिक बधाई आभार तथा कृतज्ञता

६८ औं राष्ट्रिय सहकारी दिवस तथा अन्तर्राष्ट्रिय सहकारी वर्ष २०२५ को अवसरमा मिति २०८१ चैत्र २० गते नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय सहकारी महासंघ लि.बाट आयोजित सहकारी दिवसको मूल समारोह कार्यक्रममा बागमती प्रदेशबाट यस संस्था वर्ष २०८१ को उत्कृष्ट सहकारी व्यवसाय पुरस्कारबाट सम्मानको घोषणा भएकोले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय सहकारी महासंघ लि. साथै संस्थालाई यस स्थानसम्म पुऱ्याउन महत्वपूर्ण योगदान गर्नुहुने यस संस्थाका पूर्व सञ्चालक,यस संस्थासंग एकीकरण भएका संस्थाहरु, पूर्व कर्मचारी लगायत सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा सामुदायिक साकोस परिवार सम्पूर्ण प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछौं ।



६८ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मिति २०८१ चैत्र २० गते पनौती नगरपालिकाबाट यस संस्थाका निवर्तमान अध्यक्ष श्री प्रकाश बन्जाराज्यू सहकारी अभियन्ताको रुपमा सम्मानित हुनु भएकोमा उँहालाई हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौं ।

मदन बस्नेत
प्रमुख कार्यकारी अधिकृत

मुकुन्द शर्मा
अध्यक्ष

# ३१औं स्थापना तथा एकीकरण दिवस सम्पन्न




२०८१ माघ १४ गते सोमबार सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि., पनौती-४, टौखाल काभ्रेपलाञ्चोकको ३१औं स्थापना एवं एकीकरण दिवस संस्थाका अध्यक्ष श्री मुकुन्द शर्माज्यूको सभाध्यक्षता एवं पनौती नगरपालिकाका नगर प्रमुख श्री रामशरण भण्डारीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । कार्यक्रममा पनौती नगरपालिकाका उप प्रमुख श्री गिता बन्जारा विशिष्ट अतिथिको रुपमा रहनु भएको थियो।

प्रमुख अतिथि नगर प्रमुख श्री रामशरण भण्डारीज्यूले नगरकै नमुना सहकारीको रुपमा रहेको उल्लेख गर्नुहुँदै यस संस्थाले एकीकरण अभियान संगै सदस्य सेवा र सहकारी सेवालाई उत्कृष्ट पार्दै सहकारीहरुको सिकाइको केन्द्रको रुपमा स्थापित हुन र सहकारीका सिद्धान्त र नीतिलाई पालना गर्दै उत्कृष्ट सहकारीको रुपमा पहिचान कायम राख्न सफल रहोस भन्दै सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको कार्यकाल सफलता सहितको शुभकामना व्यक्त गर्नु भएको थियो ।

पनौती नगरपालिका वडा नं ४ का अध्यक्ष श्री दिपक प्रसाद दाहालले जस्तोसुकै परिस्थितिमा पनि आफूलाई अब्बल सावित गर्दै सति साल जस्तो उभिन सफल यस संस्था सधै दिगो र सुरक्षित संस्थाको रुपमा कायम रहन सकोस भन्ने शुभकामना सहित मन्तव्य राख्नु भएको थियो । त्यसैगरी प्रदेश सहकारी संघका सचिव श्री देवराज घिमिरे, जिल्ला सहकारी संघका अध्यक्ष श्री अमन पोटेले प्रदेशकै ठूलो र उत्कृष्ट सहकारीको रुपमा स्थापित हुन सफल संस्थाले सदस्य सेवा र सहकारी सेवालाई उत्कृष्ट पार्दै लगेको उल्लेख गर्नुहुँदै सहकारीका ऐन, नियम र आन्तरिक सुशासनलाई पूर्ण पालना गर्दै उत्कृष्ट सहकारीको पहिचान कायम राख्न सफल रहोस भन्दै सञ्चालक समिति र लेखा सुपरिवेक्षणसमितिको कार्यकाल सफलता सहितको शुभकामना मन्तव्य राख्नु भएको थियो ।

संस्थाका सल्लाहकार शम्भुलाल श्रेष्ठले स्थापनादेखि नै समुदाय केन्द्रित कार्यमा अग्रणि रहेको स्मरण गराउँदै उत्कृष्ट सञ्चालकहरुको नेतृत्व रहेको यो संस्था सहकारी अभियानको अभियान्ताको रुपमा अग्रणी भुमिकामा रहेर कार्य गरिरहेको चर्चा गर्दै संस्था उत्कृष्ट व्यक्तिहरुको शुरुवाती संस्थाको रुपमा रहेकोमा गौरवान्वित महशुस भएको उल्लेख गर्नुहुँदै सुशासन कायम राखी सञ्चालन हुन सकोस भन्ने शुभकामना व्यक्त गर्नुभएको थियो ।संस्थाका निवर्तमान अध्यक्ष प्रकाश बन्जाराले ३१औं स्थापना दिवस लाई एकीकरण दिवसको रुपमा मनाइरहँदा गौरव महशुस भएको उल्लेख गर्नुहुँदै संस्थापक सदस्यहरुको



सुरुवातले नै आजको दिन सम्भव भएको उल्लेख गर्नुहुँदै उहाँहरुप्रति हार्दिक आभार ब्यक्त गर्नुभएको थियो । संस्थागत विकासक्रम लाई स्मरण गर्नुहुँदै अबको अभियान संस्थागत सुदृढिकरणलाई प्राथमिकतामा राखि सदस्यहरुलाई संस्थाका वस्तु तथा सेवाको जानकारी गराउँदै संस्थागत विकासमा सधै साथ र हातेमालो रहने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । स्थापना तथा एकीकरण दिवसको अवसरमा विविध सम्मान तथा पुरस्कारका कार्यक्रमहरु समेत आयोजना गरिएको थियो। यस वर्ष संस्थाले बागमती प्रदेश सहकारी संघ लि. काभ्रेपलाञ्चोक, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघ लि. काभ्रेपलाञ्चोक, नेपाल रेडक्रस सोसाईटी, पत्रकार महासंघ,काभ्रेपलाञ्चोकको नवनिर्वाचित अध्यक्ष ज्यू लगायत सञ्चालक समितिहरुलाई कार्यकाल सफलतको शुभकामना सहित सम्मान गरिएको थियो ।

त्यसै गरी संस्थको प्रतिनिधित्व गरि वागमति प्रदेश सहकारी संघको कोषाध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा संस्थाका सल्लाहाकार श्री शम्भुलाल श्रेष्ठ, जिल्ला बचत संघ, काभ्रेपलाञ्चोकको सचिव जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा संस्थाका निवर्तमान अध्यक्ष श्री प्रकाश बञ्जारा र संस्थाका पूर्व कर्मचारी श्री सुरेश थापा राष्ट्रिय सहकारी महासंघको महाप्रवन्धक पदमा नियुक्त हुनु भएकोमा सम्मान गरिएको थियो।
संस्थाको स्थापना दिवसको अवसरमा सामुदायिक तथा निजि विद्यालयमा अध्ययनरत छात्र/छात्राहरु मध्ये उत्कृष्ट अंक हासिल गर्ने संस्थाका सदस्य तथा परिवार मध्येबाट  छात्र तथा छात्रा गरी ४ जनालाई उत्कृष्ट एस.ई.ई. सम्मान, ३ जनालाई सामुदायिक छात्रवृत्ती, ८० वर्ष भन्दा माथिका ३५ जना जेष्ठ सदस्यहरुको सम्मान, साथै संस्थाका उत्कृष्ट शेयर खरिदकर्ता, उत्कृष्ट बचतकर्ता सदस्यहरु र उत्कृष्ट ऋणी सदस्यहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।कार्यक्रममा वर्षको उत्कृष्ट कर्मचारीको रुपमा युवाज्योती सेवाकेन्द्रमा कार्यरत बजार प्रतिनिधी सुजना तामाङ, उत्कृष्ट सेवा केन्द्रको रुपमा कुन्तावेशी सेवाकेन्द्र पुरस्कृत भएको थियो ।

कार्यक्रमको समापनमा संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभाध्यक्ष श्री मुकुन्द शर्मा वाग्लेले संस्थाले सदस्यमैत्री सेवा उपलब्ध गराउने क्रममा ३१औं स्थापना तथा एकीकरण दिवसको दिनबाट नेपाल रेडक्रस सोसाईटी रक्त सञ्चार शाखा सँगको सहकार्यमा संस्थाका शेयर सदस्यहरुलाई निःशुल्क रगत उपलब्ध गराउन नेपाल रेडक्रस काभ्रे शाखा र संस्था विच सम्झौता गरिएको जानकारी गराउँदै सम्झौता अनुसार सदस्यहरुले संस्थाको सिफारिसमा निःशुल्क रगत प्राप्त गर्न सक्ने जानकारी गराउनुभएको थियो । संस्थाका संस्थापकज्यूहरुले संस्था स्थापना गरी सुरुवाती जग बसालिदिनु भएकोले नै संस्था आजको अवस्थामा पुऱ्याउन सकिएकोमा संस्थापक सदस्यहरुप्रति हार्दिक सम्मान प्रकट गर्नुभई विभिन्न विधामा सम्मानित हुनेहरुलाई बधाई ज्ञापन गर्दै सम्मान तथा पुरस्कारले उत्कृष्टताको लागि अझै उर्जा थप गर्न सफल रहोस भन्ने कामना समेत व्यक्त गर्नु भएको थियो । संस्थाले सुशासनप्रति प्रतिवद्ध रहि दिगो र सुरक्षित रुपमा सेवा दिनेमा विश्वस्त रहन आग्रह गर्नुभएको थियो । संस्थागत विकासका र सदस्यको हितका लागि नीति र विधि अनुरुप सवल र सुरक्षित संस्थाको रुपमा परिचय कायम राखि सहकारी अभियानलाई पूर्ण जिम्मेवारीका साथ पुरा गर्ने प्रतिवद्धता जनाउँदै उपस्थित सबैमा हार्दिक आभार व्यक्त गर्नुहुँदै सभा समापन गर्नु भएको थियो ।
कार्यक्रममा पनौती न.पा का वडा अध्यक्षज्यहरु, छाता संगठनका अध्यक्ष तथा प्रतिनिधिहरु, पत्रकार महासंघका अध्यक्ष लगायत पत्रकारहरु, नेपाल रेडक्रस सोसाइटीका उप सभापति र सञ्चालक समिति सदस्यहरु, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यहरु लगायत विषयगत उप समिति र सेवाकेन्द्र ब्यवस्थापन उप-समितिका संयोजक तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

# अर्ध वार्षिक समीक्षा गोष्ठी




सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पनौती-४, टौखाल काभ्रेपलाञ्चोकको अर्धवार्षिक समीक्षा गोष्ठि संस्थाका अध्यक्ष श्री मुकुन्द शर्माज्यूको सभाध्यक्षतामा सम्पन्न भएको छ ।
संस्थाको संचालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहाकारहरु, विषयगत उप समिति, सेवाकेन्द्र व्यवस्थापन उप समिति, संस्थाका उच्च व्यवस्थापन तह कर्मचारी एवं सेवाकेन्द्र प्रमुख समेतको उपस्थितिमा संस्थाले आ.व ०८१/८२ का लागि निर्धारण गरेको वार्षिक कार्ययोजना बमोजिमका लक्ष्य तथा प्रगतिकाबारेमा समिक्षात्मक प्रस्तुतीका साथ संचालित कार्यक्रमको संचालन संस्थाका सचिव श्री सरोजकुमार तिमल्सेनाले गर्नु भएको थियो ।

कार्यक्रममा क्लस्टर प्रमुखहरुले आ-आफ्नो क्लस्टर अर्न्तगत रहेका सेवाकेन्द्रहरुको लक्ष्य तथा प्राप्तीका सम्बन्धमा समीक्षात्मक प्रस्तुती राख्दै आगामी दीनमा संस्था संचालनलाई थप प्रभावकारी बनाउनका लागि राय तथा सुझाव समेत प्रस्तुत गर्नुभएको थियो। प्रस्तुतीका क्रममा नायव प्रमुख कार्यकारी अधिकृत श्याम सुन्दर श्रेष्ठले पनौती क्लस्टर तथा आर्थिक प्रशासन विभागको प्रगती प्रतिवेदन, नायव प्रमुख कार्यकारी अधिकृत कुमार शर्मा र यज्ञ प्रसाद सेढाईले पूर्वी क्लस्टर र काठमाण्डौ क्लस्टरको र वरिष्ठ अधिकृत जीवन सत्यालले बनेपा क्लस्टर अन्तर्गत रहेका सेवाकेन्द्रहरुको प्रगती प्रतिवेदन प्रस्तुत गर्नभएको थियो त्यसैगरी प्रमुख कार्यकारी अधिकृत श्री मदन बस्नेतले समग्र संस्थाको आ.व. २०८१/८२ को अर्धवार्षिक लक्ष्यमा भएका प्राप्ति तथा यस अवधिमा भएका तालिम, कार्यक्रम लगायतका क्रियाकलाप, सदस्य सेवाका तथा राहत कार्यक्रमका प्रगती लगायत नियमित कार्य र कृयाकलापमा भएका निरन्तरता तथा प्रगती सम्वन्धमा प्रस्तुति गर्नुभएको थियो साथै हाल जारी गरिएको अध्यादेश तथा मापदण्ड लगायतका विषयमा समेत प्रस्तुतीकरण गरी त्यसबाट पर्न जाने प्रभावका सम्वन्धमा समीक्षा गर्दै लक्ष्य पुनरावलोकन समेत गरिएको थियो ।

शुभकामना मन्तव्यका क्रममा बागमती प्रदेश सहकारी संघका कोषाध्यक्ष एवं संस्थाका संस्थापक अध्यक्ष, वर्तमान सल्लाहाकार शम्भुलाल श्रेष्ठले स्थापनाको लक्ष्य भन्दा वृहत रुपमा विकास र विस्तार भएकोमा यसका लागि साथ र सहयोग गर्नुहुने सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्नुहुँदै लक्ष्यहरुलाई समय सापेक्ष बनाउँदै प्राप्तिका लागि आवश्यक सहकार्यका साथ लाग्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो । त्यसैगरी लेखा सुपरिवेक्षण समिति संयोजक राजन श्रेष्ठले समीक्षा बैठकको महत्वको विषयमा प्रकाश पार्नुहुँदै संस्थाको विकास तथा विस्तारका लागि तयार गरिएको लक्ष्यमा भएको प्राप्ति र अबको दिनमा अवलम्वन गर्नुपर्ने उपाय तथा योजना समेतको विषयमा छलफल गरी ऐकेवद्ध भई कार्य गर्नुपर्ने विचार राख्नु भएको थियो ।
संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभाध्यक्ष श्री मुकुन्द शर्मा वाग्लेले प्रस्तुतीकरणको लागि धन्यवाद ज्ञापन गर्नुहुँदै संस्थाको लक्ष्य प्राप्ति तथा समग्र विकासका लागि देखिएका समस्याहरुको समाधानको लागि आवश्यक छलफल गरि समाधानको उपाय सहितको योजना तयार गरी लागू गर्नुपर्ने विचार व्यक्त गर्नुहुँदै मातहतका कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि समेत आवश्यक व्यवस्थापन गरी संस्थागत गुणस्तरीयता कायम गरी संस्थाले सुशासन प्रति प्रतिवद्ध रहि दिगो र सुरक्षित रुपमा सेवा दिनेमा विश्वस्त रहन आग्रह गर्नुभएको थियो । संस्थागत विकासका लागि र सदस्यको हितका लागि नीति र विधि अनुरुप सवल र सुरक्षित संस्थाको रुपमा परिचय कायम राखी सहकारी अभियानलाई पूर्ण जिम्मेवारीका साथ पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुदै सभा समापन गर्नु भएको थियो ।

## संचालक कर्मचारी अन्तरक्रिया कार्यक्रम

संस्थाको वार्षिक कार्ययोजना एवं कार्यक्रम बमोजिम संचालक कर्मचारी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । मिति २०८१ फागुन २६ र २७ गते गरी दुई दिन संचालन गरिएको कार्यक्रमको सभाध्यक्षता संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्माज्युले गर्नुभएको थियो । कार्यक्रमको पहिलो दिनमा पनौती र काठमाण्डौ क्लस्टरका कर्मचारीहरुको सहभागीता रहेको थियो भने दोस्रो दिनमा बनेपा र पुर्वी क्लस्टरका कर्मचारीहरुको सहभागीता रहेको थियो । कार्यक्रममा संस्थाका सल्लाहकार एवं बागमती प्रदेश सहकारी संघका कोषाध्यक्ष श्री शम्भुलाल श्रेष्ठ र जिल्ला सहकारी संघ काभ्रेपलाञ्चोकका सचिव श्री प्रकाश बन्जाराको आतिथ्यता रहेको थियो । अन्तरक्रियात्मक विधिमा संचालन भएको कार्यक्रममा संस्थाको वर्तमान अवस्थाको समीक्षाका साथै संस्थागत लक्ष्य हासिल गर्नका लागि रचनात्मक सुझाव आदान प्रदान गरिएको थियो ।




## ६८ औं राष्ट्रिय सहकारी दिवस २०८१

नेपालमा सहकारी अभियानको औपचारिक शुरुवातको स्मरण गर्दै ६८ औं राष्ट्रिय सहकारी दिवस मनाइएको छ । नेपालमा सहकारी अभियानको औपचारिक थालनी वि.सं २०१३ साल चैत्र २० गतेदेखि भएको मानिन्छ तसर्थ प्रत्यक वर्ष चैत्र २० गतेलाई राष्ट्रिय सहकारी दिवसको रुपमा मनाउने गरिएको छ। यसै सन्दर्भमा यस संस्थाले पनौती नगरपालिकाको आयोजनामा भएको सहकारी र्‍यालीमा सहभागीता जनाएको छ । पनौती बसपार्कबाट सुरु भएको र्‍याली पनौती नगर परिक्रमा गरी पनौती नगरपालिकको प्राङ्गणमा पुगी समापन गरिएको थियो। "मर्यादित सहकारी : सम्मुनत समाज" को नारा सहित ६८ औं सहकारी दिवस भव्य एवं सभ्य रुपमा सम्पन्न भएको छ । नगरपालिकाको आयोजनामा भएको प्रभातफेरी कार्यक्रममा संस्थाको तर्फबाट संचालक, लेखा




सुपरीवेक्षण समिति, सल्लाहकार, समिति उप समिति एवं कर्मचारीहरुको उपस्थिति रहेको थियो ।सहकारी दिवसको अवसरमा पनौती नगरपालिकाले यस संस्थाका निवर्तमान अध्यक्ष श्री प्रकाश बन्जाराज्युलाई सहकारी अभियन्ताको रुपमा सम्मान समेत गरेको थियो। संस्थाले सहकारी दिवसको अवसरमा सबै कार्यालयहरुमा दीप प्रज्वलन गरी सहकरी दिवस मनाएको थियो ।

## वित्तीय साक्षरता कार्यक्रम

मिति २०८१ चैत १० गते ग्रामीण स्वावलम्बन सेवा केन्द्र, पाँचखाल-१२, कास्कोटेको आयोजनामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ। ग्रामीण स्वावलम्बन सेवाकेन्द्रका व्यवस्थापन उप समिति संयोजक गोविन्द प्रसाद सेढाईको सभाध्यक्षता एवं संस्थाका अध्यक्ष श्री मुकुन्द शर्माको आतिथ्यतामा संचालित उक्त कार्यक्रमको सहजिकरण संस्थाका बरिष्ठ अधिकृत श्री जीवन सत्यालले गर्नु भएको थियो । पाँचखाल



नगरपालिका वडा नं. १२ का वडा सदस्य श्री नरेश दनुवार, संचालक सदस्य भैरव सेढाई ,विकास पन्त, सेवाकेन्द्र व्यवस्थापन उप समिति रामचन्द्र श्रेष्ठ र अनिता दनुवारको समेत उपस्थिति रहेको थियो । सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समितिको हलमा आयोजित कार्यक्रममा ८५ जना शेयर सदस्यहरुको सहभागिता रहेको थियो ।

# विद्यालय साक्षरता कार्यक्रम

६८ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मिति २०८१ चैत्र १७ गते यस सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मुख्य कार्यालय पनौती ४ काभ्रेपलाञ्चोकमा भालेश्वर माध्यमिक विद्यालयका कक्षा ९ मा अध्ययनरत ७० जना विद्यार्थीहरु को सहभागितामा वित्तीय साक्षरता, सहकारी शिक्षा लगायतका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रम संस्थाका कोषाध्यक्ष श्री कृष्ण थापाको सभाध्यक्षतामा सम्पन्न भएको थियो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत मदन बस्नेतले सहजीकरण गर्नुभएको थियो। भालेश्वर माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक एवं सामुदायिक बचत तथा ऋण सहकारी संस्था




लिमिटेडका लेखा सुपरिवेक्षण समितिका पूर्व संयोजक श्री हरिप्रसाद तिमल्सिना र विद्यालयका शिक्षकहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको अन्त्यमा संस्थाको तर्फबाट सम्पूर्ण विद्यार्थीहरुलाई नयाँ वर्ष २०८२ को हार्दिक मङ्गलमय शुभकामनाका साथ संस्थाबाट प्रकाशित क्यालेन्डर वितरण गरी संस्थाको अवलोकन गराइएको थियो।




मिति २०८१ फागुन २३ गते संस्थाको युवाज्योति सेवाकेन्द्रको आयोजनामा बनेपा न.पा वडा नं. १३ साँगामा रहेको महेन्द्र मा.वि मा विद्यार्थी लक्षित वित्तीय साक्षरता एवं सहकारी शिक्षा कार्यक्रम संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्माज्यूको अध्यक्षता र विद्यालयका प्रधानाध्यापक श्री गोपाल प्रसाद तिमल्सिनाको आतिथ्यतामा सम्पन्न गरिएको छ । कार्यक्रममा संस्थाका संचालक सदस्य श्री कौशल राज खड्का, श्याम सापकोटा र युवाज्योति सेवाकेन्द्रको व्यवस्थापन उप समिति संयोजक मुक्तिनाथ तौजले र विद्यालयका मा.वि संयोजक श्री दपक श्रेष्ठको उपस्थिति रहेको थियो । कार्यक्रममा ७६ जना विद्यार्थीहरुको सक्रिय सहभागीता रहेको थियो ।

# प्रविधि साक्षरता कार्यक्रम

Global Money Week 2025 को अवसरमा मिति २०८१ चैत्र ७ गते संस्थाको पनौती सेवाकेन्द्रको आयोजनामा प्रविधि सारक्षरता कार्यक्रम आयोजना गरेको छ । सेवाकेन्द्र व्यवस्थापन उप समिति सह संयोजक मोहन बस्नेतको सभाध्यक्षता, संस्थाका अध्यक्ष श्री मुकुन्द शर्मा र जिल्ला सहकारी संघका काभ्रेपलाञ्चोकका सचिव एवं यस संस्थाका निवर्तमान अध्यक्ष श्री प्रकाश बन्जाराज्यूको आतिथ्यतामा संचालित कार्यक्रममा संस्थाले प्रदान गरेको आधुनिक सेवाहरु मोबाईल बैंकिङ, ए.टि.एम, क्यु आर भुक्तानी जस्ता सेवाहरुको सुरक्षित प्रयोग विधिका विषयमा प्रस्तुतीकरण गरिएको थियो । आधुनिक सेवाले कारोवार सहजतासगैं जोखिमको समेत संभावना हुनेहुनाले सुरक्षित कारोवार कसरी गर्ने, संभावित जोखिम के के हुन अनलाईन कारोवारमा ठगिने संभावना जस्ता विषयमा सदस्यहरुलाई प्रशिक्षित गरिएको थियो। प्राविधिक साक्षरताका साथसाथै संस्थाले सदस्यहरुलाई जन्म देखि मृत्यु सम्मको अवस्थामा




दिदै आएका विविध सेवा सुविधाका विषयमा समेत अभिमुखिकरण भएको थियो। ३४ जना शेयर सदस्यहरुको सहभागीता रहेको कार्यक्रमको संचालन ऋण सहायक पवित्रा चौलागाईले गर्नु भएको थियो भने कार्यक्रम सहजीकरण सेवाकेन्द्र प्रमुख विमल जाकिबन्जारले गर्नुभएको थियो।

## सदस्य अन्तरक्रिया कार्यक्रम




मिति २०८१ चैत्र ०६ गते बुधबार सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि, पनौती–०४, टौखाल काभ्रेपलाञ्चोकको पनौती–०६ अवस्थित पनौती सेवाकेन्द्रको आयोजनामा धुलिखेल–१०, शारदा बतासेमा रहनुभएका शेयर सदस्यहरु साथै संभावित सदस्यको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सेवाकेन्द्र व्यवस्थापन उप समिति सह–संयोजक मोहन बस्नेतको सभाध्यक्षता, सेवाकेन्द्रका कर्मचारी बिन्दा बन्जारा साथै राम सुन्दर के.सीज्यूको उपस्थितिमा कार्यक्रम संचालन गरिएको थियो । पनौती सेवाकेन्द्रका प्रमुख बिमल जाकिबन्जारज्यूले संस्था स्थापनाकाल देखि वर्तमान अवस्था सम्मको बारेमा जानकारी सहित संस्थाले संचालन गरेका बिभिन्न कार्यक्रम, सदस्यलाई प्रदान गरेका सेवा सुविधा शेयर सदस्यज्यूहरुलाई जन्मदेखि मृत्यु सम्म साथ दिदैं आएको पनि विस्तृत रुपमा जानकारी गराउनुभएको थियो । हालको अवस्थामा किन सहकारी संस्थाहरु समस्याग्रस्त भएको साथै सामुदायिक साकोस अरु संस्थाहरु भन्दा किन अब्बल रहेको भन्ने विषयमा पनि जानकारी गराउनु भएको थियो । अन्तरक्रियात्मक रुपमा संचालन गरिएको उक्त कार्यक्रममा २४ जना उपस्थित सहभागीहरुले संस्थाको बारेमा थप जानकारी प्राप्त भएको साथै त्यस भेगमा आवश्यकता अनुसार तालिमहरु माग गर्ने जानकारी गराउनु भएको थियो ।

## सदस्य अन्तरक्रिया कार्यक्रम

धुनिदेवी नमोबुद्ध सेवाकेन्द्र,भकुण्डेवेसीले संस्थाको बस्तु तथा सेवाका बारेमा सदस्यहरुलाई सुसूचित गर्दै सदस्य जागरण गर्ने उद्देश्यले सदस्य अन्तरक्रिया तथा विस्तारीत मञ्च कार्यक्रम संचालन गरेको छ । संस्थाले मिति २०८१ पौष २६ गते नमोबुद्ध ५ पातला र नमोबुद्ध ५ कोट तिमालमा अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो कार्यक्रममा २५ जना सदस्यको सहभागिता रहेको थियो। संस्थाको वस्तु तथा सेवाबाट प्रभावित भई उक्त कार्यक्रममा १३ जनाले नयाँ सदस्यता ग्रहण गर्नु भएको थियो। त्यसै गरी पौष २९ गते नमोबुद्ध ३ बाघखोरमा २६ शेयर सदस्यको उपस्थितीमा सदस्य विस्तारीत मञ्चको आयोजना गरिएको थियो जसमा १८ जनालाई नयाँ सदस्यता वितरण समेत भएको थियो ।



# सदस्य अन्तरक्रिया कार्यक्रम




सामुदायिक साकोस पनौती ४, टौखाल काभ्रेपलाञ्चोकको बल्थली सेवाकेन्द्रले आफ्ना सदस्यहरुलाई संस्थाको वस्तु तथा सेवाको जानकारी गराई सदस्य सुसूचित गराउने अभियान अर्न्तगत सदस्य अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ । सेवाकेन्द्रले मिति २०८१ माघ ८ गते पनौती ११ बल्थली माझटोलमा सदस्य अर्न्तक्रिया कार्यक्रम आयोजना गरेको हो । बल्थली सेवाकेन्द्र व्यवस्थापन उप समितिका सदस्य कालिका के.सी ज्यूको उपस्थितीमा संचालन गरीएको कार्यक्रममा ३५ जना शेयर सदस्यको सहभागिता रहेको थियो । त्यसै गरी मिति २०८१ माघ १६ गते पनौती ११ गते ख्याकु पिपलबोटमा सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक विद्यामणि हुमागाईको सभध्यक्षतामा संस्थाले संचालन गरेको वित्तीय सेवा, सदस्य राहत कार्यक्रम र संस्थाले गर्दै आएको विविध क्रियाकलापको विषयमा सेवाकेन्द्र प्रमुख कपिल श्रेष्ठले प्रस्तुतीकरण गर्नुभएको कार्यक्रममा ५८ जनाको उपस्थिति रहेको थियो ।

सदस्य अभिमुखिकरण एवं अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिदै सेवाकेन्द्रको आयोजनामा मिति २०८१ माघ २७ गते पनौती १० मकैटारमा सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री विद्यामणी हुमागाईको सभाध्यक्षता र संचालक सदस्य संगिता खड्काको आतिथ्यतामा वस्तु तथा सेवाका बारेमा सदस्यलाई बताउने तथा सदस्यको सुझाव गुनासा सुन्ने कार्यलाई निरन्तरता दिईएको छ । अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रममा सदस्य तथा स्थानीय गरी ४८ जनाको सहभागीता रहेको थियो। मिति २०८१ चैत्र १३ गते आयोजना गरिएको सदस्य अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रममा पनौती ११, कोलभन्ज्याङका ५६ जना स्थानीयहरुको सहभागीता रहेको थियो। कार्यक्रमले संस्थाका वस्तु तथा सेवाका वारेमा सदस्यहरुलाई जानकारी गराउनुका साथै सदस्यहरुको सुझाव तथा गुनासो संकलन गरी भावी योजना विकासका लागि सूचना संकलन गरिएको थियो ।

मिति २०८१ साल फागुन २३ गते शुक्रबार सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को काठमाण्डौ क्लस्टर अन्तर्गत पर्ने चन्द्रज्योति सेवाकेन्द्र गठ्ठाघरमा सदस्य अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम चन्द्रज्योति सेवाकेन्द्रका संयोजक श्री रबिन्द्रनाथ वाग्लेज्युको सभाध्यक्षतामा भएको थियो भने काठमाण्डौ क्लस्टर प्रमुख श्री यज्ञ प्रसाद सेढाईज्युले कार्यक्रम संचालन गर्नुभएको थियो । संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्मा समेतको उपस्थिति रहेको कार्यक्रममा बरिष्ठ अधिकृत श्री जीवन सत्यालज्युले उपस्थित सहभागीहरुलाई संस्था र संस्थाको वस्तु तथा सेवाको विषयमा जानकारी गराउनु भएको थियो ।कार्यक्रममा संचालक समिति सदस्य श्याम सापकोटा, कौशलराज खड्का, युवा ज्योति व्यवस्थापन उपसमितिका संयोजक मुक्तिनाथ तौजले लगायत २४ जनाको सहभागिता रहेको थियो ।



# ८ सदस्य अन्तरक्रिया कार्यक्रम



मिति २०८१ साल चैत्र ६ गते बुधबारका दिन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को कुमारी सेवाकेन्द्रको आयोजनामा सदस्य अभिमुखिकरण कार्यक्रम बनेपा ८ स्थित लायकु मञ्चको हलमा कुमारी सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री रामशरण राउतको सभापतित्वमा सम्पन्न भयो । संस्थाका अध्यक्ष श्री मुकुन्द शर्माको बिशेष उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा संस्थाका संचालक सदस्य श्री राम प्रसाद तिमल्सिना तथा संचालक समिति सदस्य तथा शिक्षा उप समिति संयोजक श्री श्याम सापकोटा लगायत कुमारी सेवाकेन्द्र व्यवस्थापन उप समितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।कुमारी सेवाकेन्द्र व्यवस्थापन उप समितिका सह संयोजक श्री मीन बहादुर थापाले स्वागत मन्तब्य राख्नुभएको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष श्री मुकुन्द शर्माले सदस्यहरुको जिज्ञासा तथा सुझावलाई सम्बोधन गर्नुहुदै संस्था सदस्यमूखि रहेको र सदस्यको सल्लाह सुझावलाई आत्मसाथ गर्दै जाने बताउनु भयो । साथै कार्यक्रमका सभापति कुमारी सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री रामशरण राउतले संस्था सबल र सक्षम रहेको र सदस्य राहतका विविध कार्यक्रम सदस्यलाई प्रदान गर्दै आएको जानकारी दिनुहुदै बिश्वस्त भएर कारोबार गर्नका लागि सबैलाइ अनुरोध गर्नुभएको थियो । संस्थाका वरिष्ठ अधिकृत श्री जीवन सत्यालले वस्तु तथा सेवा बारे प्रस्तुतीकरण सहजीकरण गर्नुभएको उक्त कार्यक्रम संचालन कुमारी सेवाकेन्द्र प्रमूख श्री अनिता श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा कुमारी सेवाकेन्द्र र यूवा ज्योती सेवाकेन्द्रका कर्मचारी र सदस्य सहित ७९ जनाको सक्रिय सहभागीता रहेको थियो ।

महेन्द्रज्योती सेवाकेन्द्र बनेपा १२, को आयोजनामा सदस्य अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक राम बहादुर कुँवरको सभाध्यक्षता एवं संस्थाका श्रद्धेय अध्यक्ष मुकुन्द शर्माको विशेष उपस्थितीमा सम्पन्न भयो। कार्यक्रममा संस्थाको बस्तु तथा सेवा लगायतका बिषयमा प्रस्तुतिकरण र अन्तरक्रियात्मक छलफल गरिएको थियो।




कार्यक्रममा सञ्चालक सदस्य एवं शिक्षा उप समिति संयोजक श्याम सापकोटा, सञ्चालक सदस्य विकास पन्त र सेवाकेन्द्र व्यवस्थापन उप समिति सदस्यहरुको सहभागिता रहेको थियो । महेन्द्रज्योती सेवाकेन्द्र अन्तर्गतका ६५ जना सदस्यहरु सहभागी रहेको कार्यक्रमको सहजीकरण वरिष्ठ अधिकृत जीवन सत्यालले गर्नु भएको थियो ।

# सदस्य अन्तरक्रिया कार्यक्रम




मिति २०८१ साल चैत्र १३ गते बुधबार सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को महेश्वरी कृषि सेवाकेन्द्रको सदस्य अभिमुखिकरण कार्यक्रम सेवाकेन्द्र ब्यवस्थापन उप समिति संयोजक श्री लक्ष्मण दाहालको सभापतित्व र संस्थाका अध्यक्ष श्री मुकुन्द शर्माको बिशेष उपस्थितिमा सम्पन्न भयो । संस्थाका संचालक समिति सदस्य तथा शिक्षा उप समिति संयोजक श्री श्याम सापकोटा र प्रमुख कार्यकारी अधिकृत मदन बस्नेत लगायतको उपस्थिति रहेको कार्यक्रममा ब्यवस्थापन उप समितिका सदस्य श्री गोविन्द सापकोटाले स्वागत मन्तब्य राख्नुभएको थियो। संस्थाका बरिष्ठ अधिकृत श्री जीवन सत्यालले संस्था र संस्थाका बस्तु तथा सेवाको प्रस्तुतीकरण गर्नुभएको थियो भने सदस्यहरुको जिज्ञासा तथा सुझावलाई सम्बोधन गर्नुहुदै संस्थाका प्रमुख कार्यकारी अधिकृत मदन बस्नेतले संस्था सदस्यमूखि रहेको र सदस्यको सल्लाह सुझावलाई आत्मसाथ गर्दै जाने बताउनु भयो भने अध्यक्ष श्री मुकुन्द शर्माज्युले संस्थामा आवद्ध सम्पूर्ण सदस्यहरुलाइ प्रकृया र विधि अनुरुप संस्थाले समान रुपमा सेवा सुविधा प्रदान गर्न प्रतिबद्ध रहेको जानकारी गराउनु भएको थियो। कार्यक्रममा ६१ जनाको सक्रिय सहभागिता रहेको थियो ।

मिति २०८१ साल फागुन महिनाको २३ गते शुक्रबार महेश्वरी कृषि सेवाकेन्द्र ब्यबस्थापन उपसमिति संयोजक श्री लक्ष्मण दाहाल ज्युको सभाध्यक्षता सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. महेश्वरी कृषि सेवाकेन्द्र नालाको आयोजनामा सदस्य लक्षित सदस्य अभिमुखिकरण कार्यक्रम बनेपा ३, चुनातालमा सम्पन्न गरियो । कार्यक्रममा सदस्यहरुलाई लक्षित गरी संस्थाले दिने बस्तु तथा सेवाहरूको बारेमा जानकारी गराईयो ।



कार्यक्रममा शुभकामना मन्तव्य तथा संस्थाको गुणस्तरको बारेमा अतिथि बनेपा न.पा. ३ नं वडाका अध्यक्ष रमेश दाहालले ढुक्क भएर कारोबार गर्न सदस्यहरूलाई अनुरोध गर्नु भयो । सभाध्यक्ष श्री लक्ष्मण दाहालज्यूले सहभागीहरुलाई संस्थाको वर्तमान अवस्थाको चित्रण गर्नुहुदै सहभागी सम्पुर्णलाई धन्यबाद प्रकट गर्दै कार्यक्रम समापन गर्नु भयो । कार्यक्रममा ३८ जनाको सहभागिता रहेको थियो भने २ जना सदस्यले नयाँ सदस्यता लिनुभएको थियो।

## व्यवसायिक तरकारी खेती तालिम




मिति २०८१ चैत्र १२ गते पनौती सेवाकेन्द्रको आयोजनामा पनौती न.पा वडा नं ६, रातमाटेमा सदस्य अभिमुखिकरण तथा व्यवसायिक तरकारी खेती तालिम सम्पन्न गरेको छ । संस्थाको पनौती सेवाकेन्द्रको व्यवस्थापन उप समिति संयोजक श्री महेश कुमार कर्माचार्यको सभापतित्वमा संचालित कार्यक्रममा संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्मा, पनौती वडा नं. ६ का वडा अध्यक्ष श्री भिम प्रसाद आचार्य, रातमाटे कृषि सहकारी संस्था लि. का अध्यक्ष श्री केदारनाथ आचार्य, जन प्रतिनिधि श्री दीपक खड्का, श्री कृष्ण प्रणामी युवा परिषदका अध्यक्ष दीप नारायण दाहाल, जनहित एकता समाजका अध्यक्ष गणेश प्रसाद ढुङ्गानाज्यू लगायत प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा संस्थाको वस्तु तथा सेवाको विषयमा संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत श्याम सुन्दर श्रेष्ठले सदस्यहरुलाई जानकारी प्रदान गर्नुका साथै संस्थाले संचालन गरेको राहत कार्यक्रमका विषयमा उपस्थित सदस्यहरुलाई अभिमुखिकरण समेत गर्नुभएको थियो । २१९ जना कृषक सदस्यहरुको उपस्थितिमा संचालित कार्यक्रममा संस्थाका कृषि प्राविधिक रामशरण सापकोटाले सदस्यहरुलाई मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी जानकारी दिँदै तरकारीको बेर्ना उत्पादन विधि एवं अपनाउनु पर्ने सावधानीका विषयमा अभिमुखिकरण गर्नु भएको थियो । कार्यक्रममा उपस्थित सदस्यहरुलाई बोडी, काँक्रो, फर्सी, तितेकरेलाको विउ वितरण समेत गरिएको थियो । सेवाकेन्द्र व्यवस्थापन उप समिति एवं पनौती सेवाकेन्द्रका कर्मचारी समेत उपस्थित कार्यक्रमको संचालन ऋण सहायक श्री पवित्रा चौलागाईले संचालन गर्नु भएको थियो ।

## व्यवसायिक कुखुरा पालन तालिम




कुन्तावेशी सेवाकेन्द्र मण्डनदेउपुरको आयोजनामा मिति २०८१ चैत्र २१ गते १ दिने व्यवसायिक कुखुरा पालन तालिम सम्पन्न गरेको छ । ''मर्यादीत सहकारी : समुन्नत समाज'' भन्ने नारा सहित ६८ औं सहकारी दिवस तथा अन्तराष्ट्रिय सहकारी दिवस २०२५ को अवसरमा तालिम कार्यक्रम आयोजना गरिएको हो । सेवाकेन्द्र व्यवस्थापन उप समितिका संयोजक श्री नारायण प्रसाद लम्सालको सभाध्यक्षतामा आयोजना गरिएको व्यवसायिक तालिमको सहजकर्ता प्रशिक्षक पशु चिकित्सक श्री मणि प्रसाद सापकोटा रहनु भएको थियो । सेवाकेन्द्रको सभाहलमा आयोजना गरिएको कार्यक्रममा सेवाकेन्द्र प्रमुख श्री विनोद सापकोटाले संस्थागत प्रस्तुती राखी उपस्थित सदस्यहरुमा संस्थागत जानकारी आदान प्रदान गर्नु भएको थियो । कार्यक्रममा प्रशिक्षक सापकोटाले कुखुरा पालनमा देखा पर्न सक्ने विविध रोगहरु के के हुन? तिनको पहिचान कसरी गर्ने? उपचार र रोकथामका विधिहरु के के हुन सक्छन ? परजिवी नियन्त्रण, आहार तथा समग्र खोर व्यवस्थापनका विषयमा प्रशिक्षित गराईएको थियो । तालिम कार्यक्रमले कृषक सदस्यहरुको कुखुरा पालन व्यवसायलाई थप व्यवस्थित बनाउने विश्वास लिईएको छ । कार्यक्रममा ४५ जना शेयर सदस्यको सहभागीता रहेको थियो ।

## पशुपालन (मिनरल ब्लक बनाउने) तालिम



मिति २०८१ फागुन ३ गते संस्थाको ग्रामीण स्वावलम्बन सेवाकेन्द्र पाँचखाल १२ कास्कोटेको आयोजनामा पाँचखाल नगरपालिका–१३, कोशिदेखामा पशुपालक कृषकहरुलाई पशुपालन व्यवसायको उत्पादकत्व बढाई उनीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले १ दिने चौपाया पशुहरुको पौष्टिक आहार अन्तर्गतको मिनरल ब्लक बनाउने तालिम सम्पन्न गरेको छ ।

तालिमको अवसरमा पाँचखाल सेवाकेन्द्र प्रमुख श्री प्रज्वल ढकालले संस्थाको स्थापना, उद्देश्य, वर्तमान क्रियाकलाप एवं पशुपालन लगायत कृषि, कृषक सदस्यको जीवनस्तर उकास्नका लागि संस्थाले पुऱ्याउदै आएको सहयोग एवं सदस्य तथा समुदाय लक्षित कार्यक्रमका बारेमा जानकारी समेत गराउनु भएको थियो । सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री गोविन्द प्रसाद सेढाईको सभाध्यक्षतामा र पशु स्वास्थ्य प्राविधिक श्री कृष्ण प्रसाद सापकोटाको सहजीकरणमा संचालन गरिएको तालिमले पशुपालक कृषक सदस्यहरुलाई स्वनिर्मित मिनरल ब्लक उत्पादन गर्ने सीप प्रदान गरेको छ । तालिमका सहजकर्ता सापकोटाले पशुमा देखिने सामान्य स्वास्थ्य समस्या, उचित दानापानी व्यवस्थापन, रोग नियन्त्रणका उपाय तथा उपचार विधिवारे जानकरी प्रदान गर्नुभएको थियो । उहाँले मिनरल ब्लक तयार गर्ने प्रक्रियाबारे विस्तृत जानकारी दिँदै यसका लागि आवश्यक सामग्री, तयारी चरण, प्रयोग विधि र पशु स्वास्थ्यमा पर्ने प्रभावहरूबारे प्रकाश पार्नुभएको थियो।१०३ जना पशुपालक कृषक सदस्यहरुको सहभागीता रहेको तालिम कार्यक्रम कृषक सदस्यहरुका लागि अति नै लाभदायक रहेकोले यस्ता कार्यक्रमहरु नियमित रुपमा संचालन गर्न समेत माग गरेका थिए । तालिममा सहभागी भएका कृषकहरूले नयाँ प्रविधि सिक्न पाउँदा आफूहरू उत्साहित भएको बताउँदै यसलाई आफ्नो व्यावसायिक पशुपालनमा लागू गर्ने प्रतिवद्धता जनाएका छन्।यस किसिमका तालिमहरूले स्थानीय पशुपालन प्रणालीलाई दिगो र आत्मनिर्भर बनाउन ठूलो भूमिका खेल्नेछ। यस तालिमबाट पाँचखालका पशुपालक कृषकहरूलाई स्वस्थ, पोषणयुक्त र सुलभ रूपमा मिनरल ब्लक उत्पादन गर्ने ज्ञान तथा सीप प्राप्त भएको छ।

## नि:शुल्क आँखा शिविर




सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. धुलिखेल सेवाकेन्द्रको आयोजना, धुलिखेल नगरपालिकाको समन्वय र रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा धुलिखेल नगरपालिका वडा नं.११ डाँडागाउँमा १ दिने नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ। धुलिखेल सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक गोविन्द सत्यालको सभाध्यक्षता र धुलिखेल नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष श्री नारायण प्रसाद बडालको प्रमुख आतिथ्यता र वडाको महिला सदस्य कमली तामाङको आतिथ्यता रहेको उद्घाटन सत्रमा श्रद्धेय अध्यक्ष मुकुन्द शर्मा वाग्लेको उपस्थिती रहेको थियो भने सञ्चालक सदस्य एवं सामाजिक सेवा उप समिति संयोजक रामकृष्ण घिमिरे र सञ्चालक सदस्य विकास पन्त सहभागी हुनु भएको थियो ।

२०८१ फागुन १६ गते सम्पन्न गरिएको कार्यक्रममा २१३ जनाको उपस्थिति रहेकोमा समुदायका १९८ जनाले आँखा जाँचको सेवा लिनु भएको थियो ।

# ५ १ दिने नि:शुल्क स्वास्थ्य शिविर




मिति २०८१ साल चैत्र महिनाको २२ गते यस संस्था र रोटरी ई. क्लब अफ नमोबुद्ध बागमतिको संयुक्त आयोजना तथा धुलिखेल अस्पतालको प्राविधिक सहयोगमा १ दिने नि:शुल्क पाठेघरको मुखको तथा स्तन क्यान्सर परिक्षण कार्यक्रम सम्पन्न गरेको छ । संस्थाका श्रद्धेय अध्यक्ष श्री मुकुन्द शर्माको सभाध्यक्षतामा आयोजना गरिएको स्वास्थ्य शिविरमा रोटरी डिस्ट्रिक ३२९२ नेपाल भुटान २०२४/२०२५ प्रथम महिला सरोजनी सेरचनको प्रमुख आतिथ्यता एवं नमोबुद्ध न.पा. का संस्थापक मेयर टंक प्रसाद शर्मा तिमल्सिना, ई.रोटरी नमोबुद्ध बाग्मती संस्थापक अध्यक्ष गंगा लुईटेल (तिमल्सिना) ज्यू लगायत रोटरी डिस्ट्रिक ३२९२ का



WASH कमिटिका प्रमुख तथा वातावरण विशेषज्ञ रो.दिनेश मानन्धर तथा ई.रोटरी क्लबका पदाधिकारीहरु नमोबुद्ध नगरपालिका वडा न ०७ का वडा अध्यक्ष धर्म सिं तामाङ, नमोबुद्ध नगरपालिक ा युवा परिषदका कार्यकारी उपाध्यक्ष रामेश्वर अधिकारी, भकुण्डेबेशी खानेपानीको अध्यक्ष उद्धव प्रसाद हुमागाई, समाजसेवी नमोबुद्ध ०५ निवासी गणेश लामा लगायतका व्यक्तित्वहरुको उपस्थिती रहेको थियो ।

नमोबुद्ध धुनीदेवी सेवाकेन्द्रको संयोजन तथा व्यवस्थापनमा संचालित स्वास्थ्य शिविर धुलिखेल हस्पिटलको प्राविधिक सहयोग रहेको थियो । डा. रुपेश बस्नेतका अनुसार विश्वको चौथो स्थास्थ्य समस्या रहेको यो समस्या नेपालमा महिलाहरुको लागि पाठेघरको मुखको क्यान्सर पहिलो रहेको र HPV INFECTION भईराखेको खण्डमा पाठेघरको क्यान्सरको जोखिम बढी हुने तर समयमा VIA स्क्रिनिङ गरेमा यसको जोखिम न्यूनीकरण गर्न सकिने साथै शिविरमा परिक्षण गर्नुभएका महिला दिदीबहिनीहरुमा २ जनाको uterine prolapse समस्या रहेको कुरा बताउनु भयो ।

प्रमुख अतिथि सरोजनी सेरचनले महिलाहरुको पाठेघर तथा स्तन क्यान्सर सम्बन्धी रोगको उपचार सम्बन्धित महिला साथै परिवारका पुरुष सदस्य पनि उत्तिकै सचेत हुनुपर्ने कुरा बताउँदै सामुदायिक साकोसले साझेदारीमा यो कार्यक्रम गरेकोमा धन्यबाद दिनु भयो । कार्यक्रमको सभाध्यक्ष तथा सामुदायिक साकोसका श्रद्धेय अध्यक्ष मुकुन्द शर्मा ज्युले सामुदायिक साकोसको समग्र पृष्टभुमिका साथै हाल बागमती प्रदेशकै उत्कृष्ट सहकारी भएको कुरा सहभागीहरु माझ राखि आफुलाई यो किसिमको कार्यक्रम राख्न पाउदा खुसि लागेको बताउँदै संस्थाले सदस्यहरुको आर्थिक पाटोमा मात्र नभई सामाजिक, साँस्कृतिक एवं स्वस्थ जीवनका लागि पनि विविध कार्यक्रमहरु संचालन गरिरहेको बताउनु भयो । नि:शुल्क स्वास्थ्य परीक्षणमा संस्थाका शेयर सदस्यहरु लगायत स्थानीय गरी १५६ जनाले स्वास्थ्य लाभ लिनु भएको थियो ।

## नयाँ सदस्य स्वागत कार्यक्रम सम्पन्न




संस्थाको कुन्तावेशी सेवाकेन्द्रले संस्थामा नयाँ सदस्यता ग्रहण गर्नुहुने सदस्यहरुका लागि सदस्य स्वागत कार्यक्रमको आयोजना गरी सदस्य स्वागत तथा चियापान कार्यक्रम गरेको छ । मिति २०८१ फागुन १२ गते आयोजना गरिएको कार्यक्रम कुन्तावेशी सेवाकेन्द्रका व्यवस्थापन उप समितिका संयोजक नारायण प्रसाद लम्सालको सभाध्यक्षता र मण्डनदेउपुर नगरपालिका वडा नं ७ का वडा अध्यक्ष श्री विष्णु प्रसाद पौडेलको आतिथ्यता रहेको कार्यक्रममा सेवाकेन्द्र प्रमुख श्री विनोद सापकोटाले संस्थाको स्थापना देखि हालसम्मको अवस्था, संस्थाले संचालन गरिरहेका सेवाहरु, सदस्य राहतका कार्यक्रमहरु, सदस्यहरुलाई लाभ हुने विभिन्न तालिम कार्यक्रमहरुका साथै संस्थाको समग्र गतिविधिहरुका बारेमा सदस्यहरुलाई अभिमुखिकरण समेत गर्नुभएको थियो । प्रमुख अतिथि विष्णु प्रसाद पौडेलले सामुदायिक साकोस सबै कुराहरु सदस्यमुखी एवं समुदाय मैत्री रहेकोले यस संस्थामा ढुक्कले आफ्नो आर्थिक कारोवार गर्नका लागि अनुरोध समेत गर्नुभएको थियो । सभाध्यक्ष नारायण प्रसाद लम्सालले संस्थाले यस्ता कार्यक्रमहरु आफ्ना शेयर सदस्यहरुलाई सुसूचित हुन टेवा पुग्ने हुनाले संस्थाले आयोजना गर्ने हरेक कार्यक्रममा सहभागी हुन अनुरोध गर्दै संस्थाको स्थापना दिवसको अवसरमा सम्मानीत हुने घोषणा भएका सदस्यहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्नुभएको थियो । कार्यक्रममा ३८ जना नयाँ सदस्यहरुलाई स्वागत गर्नुभएको थियो भने सोही अवसरमा मण्डनदेउपुर नगरपालिका वडा नं. ३ वस्ने सिता तामाङलाई संस्थाले संचालन गरेको पशुविमा कार्यक्रम अर्न्तगतको विमा दावी रकम समेत हस्तान्तरण गरिएको थियो ।

## समुह संयोजक भेला तथा विस्तारीत मञ्च कार्यक्रम




मिति २०८१ फागुन १६ गते सामुदायिक साकोस,पाँचखाल सेवाकेन्द्र पाँचखालको आयोजनामा सेवाकेन्द्रमा संचालित सामुदायिक समुहका संयोजकहरुको भेला तथा विस्तारीत मञ्च कार्यक्रम सम्पन्न गरेको छ । सेवाकेन्द्र व्यवस्थापन उपसमिति संयोजक श्री राजन गौतमको सभाध्यक्षतामा संचालित कार्यक्रमको संचालन सेवाकेन्द्र प्रमुख प्रज्वल ढकालले गर्नुभएको थियो । कार्यक्रममा संस्थाका ग्रामिण स्वावलम्बन सेवाकेन्द्रका प्रमुख श्री सुन्दर मैनालीले संस्थाले प्रदान गरीरहेको वस्तु तथा सेवाका विषयमा अभिमुखिकरण गर्दै संयोजक भेला तथा अन्तरक्रिया




कार्यक्रमको महत्वबारे प्रस्तुतीकरण गर्दै सहभागी सदस्यको जिज्ञासाको समाधान समेत गर्नुभएको थियो । कार्यक्रममा सहभागी सदस्यहरुले यस्तो किसिमको विस्तारीत मञ्चले विभिन्न समुहरुबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुलाई संस्थाको वर्तमान वस्तुस्थिति सेवासुविधा बारे जानकारी प्राप्त हुने भएकोले आफ्ना समुह तथा समुदायमा संस्थाको जानकारी प्रदान गर्न समेत सहजता हुने भएकोले यस्ता कार्यक्रमले व्यक्तिगत क्षमता विकासमा समेत योगदान हुने भएकोले कार्यक्रम निरन्तर रुपमा संचालन गर्नुपर्ने सुझाव राख्नु भएको थियो ।पशु विमामा आवद्ध सदस्यको पशुक्षति वापतको दावी भुक्तानी समेतको कार्यक्रममा २६ जना प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।पाँचखाल सेवाकेन्द्र, पाँचखालमा समुह संयोजक भेला तथा विस्तारीत मञ्च कार्यक्रम संस्थाका सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक राजन गौतमको सभाध्यक्षमा सेवाकेन्द्रको सभाहल भेला सम्पन्न गरेको छ । मिति २०८१ माघ २७ गते आयोजना गरीएको कार्यक्रममा संस्थाको पुर्वी क्लस्टर ईन्चार्ज कुमार शर्माले स्वागत मन्तव्य राख्नु भएको थियो भने संस्थाका वरिष्ट अधिकृत जीवन सत्यालले संस्थाको विगत देखि वर्तमान सम्मको गतिविधि, संस्थाले प्रदान

## समुह संयोजक भेला तथा विस्तारीत मञ्च कार्यक्रम

गरिरहेको वित्तिय तथा गैरवित्तिय सेवा सुविधाका विषयमा सहभागीहरुलाई अभिमुखिकरण गर्नु भएको थियो ।कार्यक्रममा सेवाकेन्द्र व्यवस्थापन उप समितिका संयोजक श्री राजन गौतमले संस्थाको ३१ औं स्थापना दिवसको अवसरमा सम्मानीत हुनुहने सदस्यहरुलाई सम्मान तथा पुरस्कार वितरण समेत गर्नुभएको थियो । विभिन्न समुहरुवाट प्रतिनिधित्व गर्ने समुहका संयोजक तथा उप संयोजकहरु गरी १६ जनाको सहभागीता रहेको कार्यक्रममा सभाध्यक्ष राजन गौतमले आफुले कार्यक्रममा प्राप्त गरेका जानकारी, संस्थाका सेवा सुविधाका विषयहरु आफुले प्रतिनिधित्व गर्ने समुहमा गई सदस्यहरुलाई जानकारी गराउनुहुन अनुरोध गर्नुभएको थियो ।

## समुह संयोजक भेला तथा विस्तारीत मञ्च कार्यक्रम




ग्रामीण स्वावलम्बन सेवाकेन्द्र पाँचखाल १२ को आयोजनामा मिति २०८१ माघ २९ गते मंगलबारका दिन सदस्य अन्तरक्रिया तथा समुह संयोजक भेला कार्यक्रम सम्पन्न गरेको छ । सेवाकेन्द्र व्यवस्थापन उप समिति संयोजक श्री गोविन्द प्रसाद सेढाईको सभाध्यक्षता आयोजना गरिएको कार्यक्रममा संस्थाका नायव प्रमुख कार्यकारी अधिकृत एंव पुर्वी क्लस्टर प्रमुख कुमार शर्मा र पाँचखाल सेवाकेन्द्र प्रमुख प्रज्वल ढकाल, कुन्तावेशी सेवाकेन्द्र प्रमुख विनोद सापकोटा समेतको उपस्थिति रहेको थियो । कुन्तावेशी सेवा केन्द्र प्रमुख विनोद सापकोटाले संस्थाको विगतदेखि वर्तमानसम्मको यात्रा, सामाजिक उत्तरदायित्व, वित्तीय तथा गैर-वित्तीय सेवाहरूको महत्वबारे प्रस्तुती गर्नुभएको थियो। संस्थाका शेयर सदस्य तथा सेवाकेन्द्रले संचालन गरेका सामुदायिक समुहका समुह संयोजक तथा उप संयोजकहरुको सहभागीता रहेको कार्यक्रमले सहभागीहरुलाई संस्थाको अद्यावधिक नीति नियम तथा गतिविधिहरुका वारेमा जानकारी प्रदान गरिएको थियो । पाँचखाल १२ कास्कोटे स्थित सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समितिको कार्यालयको हलमा संचालित कार्यक्रममा ४२ जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

# सफलताको कथा



मेरो नाम बिन्दा बजगाई हो । म मण्डनदेउपुर नगरपालिका वडा ३, बयरबोटमा कृषि तथा पशुपालन गरी बस्दै आएको सामान्य किसान हुँ । गाउँमा रहेका साधारण लघुबित्तमा भन्दा अन्य संघ संस्थामा मेरो खासै रुचीका साथ सहभागी नभएको अवस्थामा २०७६ सालमा सामुदायिक सहकारीको पहिलोपटक नाम सुने र संस्थागत कुरा सुनेपछि संस्था राम्रो लागेर सदस्यता पनि लिएँ र नियमित बचत गर्दै आएको छु । बचतमा पनि राम्रो ब्याज आम्दानी हुने अनि ऋणमा पनि सरल ब्याजदर भएकोले अन्य संस्थागत कारोबारहरुलाई पनि मैले सामुदायिकमै मिलाएर नियमित कारोबार गर्दै आएको छु ।

वास्तबमा हामीलाई अहिले पनि आफु सहभागी भएको कतिपय संस्थाको गतिबिधिहरु थाहा नभएर अन्यौलमा छौ। कुनै कुनै संस्थालेत प्रश्न गर्दा पनि उचित जवाफ नदिने, झर्कने जस्ता व्यवहार देखाउँछन् पनि । तर, सामुदायिक संस्थाले सदस्य रहेकै गाउँ ठाउँमा सहकारी शिक्षा दिने हुँदा संस्थालाई नजिकबाट चिन्न अझै मौका मिलेको छ । सबै कुरा संस्थाले मात्रै गरीदिन्छ भन्ने सोच नराखेको हुँदा र आफुलाई प्रगति गर्नको लागी संस्थाले दिएको प्रेरणा र हौसलाको सम्मान गर्दछु ।

आफुलाई सामुदायिक संस्था मन परेकोले नजिकैका आफन्तहरुलाई पनि यस संस्थामा जोडिन मैले अनुरोध गरेको थिएँ । गाउँका सबैजसो संस्थामा सदस्य हुनुहुन्छ । मैले यस संस्थाबाट ऋण लिएर पशुपालन व्यवसाय गर्दै आएको छु । शुरुमा संस्थाले यस भेगलाई लक्षित गरी तरकारी खेती तालिम दिएको थियो । समय काल परिस्थिति र बजारको कारणले सोचे जस्तो व्यवसाय हुन सकेन तै पनि हरेस भने खाइएन र निरन्तर काममा अगाडी नै बढ्दै गईयो । तरकारी खेतीलाई पनि निरन्तरता दिँदै पशुपालन सुरु गरीयो । निर्वाहमुखी पेशा गर्ने बानी परेका हामी जस्ता किसानलाई व्यवसायिक बन्न सजिलो भने नहुने रहेछ । पशुपालन गर्दा पनि हाम्रो साथमा फेरी पनि सामुदायिक रहयो । संस्थाले सञ्चालन गरेको पशुबिमा कार्यक्रम हाम्रो भेगमा निकै प्रभावकारी बनिरहेको छ । मैले संस्थाबाट लिएको ऋणको सहायताले पशुहरु थप गरी ५ वटा सम्म पुर्‍याएँ । अहिले दैनिक न्यूनतम ५० लिटर दुध बजार पठाउँछु । आम्दानी पनि राम्रो नै छ । ऋणको किस्ता तिर्न, बालबच्चा पढाउन, अन्य घर व्यवहार चलाउन सहज भएको छ । म र मेरो श्रीमान यस पेशामा प्रत्यक्ष संलग्न छौ भने भविष्यमा उन्नत जातका पशुहरु थप गरी आम्दानीको स्तर बढाउने योजना बनाई रहेको छु । यसको प्रेरणा पनि हाम्रो लागी सामुदायिक सहकारी नै हो । साधारणतया ऋणमा ब्याज लाग्छनै र पनि समयमै ऋणको किस्ता तिर्दा ब्याज छुट पनि पाउने संस्थाको व्यवस्था निकै राम्रो लागेको छ । मैले पनि नियमित रुपमा ऋणको किस्ता भुक्तानी गरेकोले संस्थाले मलाई अघिल्लो साल उत्कृष्ट ऋणीको पुरस्कार प्रदान गरेको थियो । संस्थाले मलाई पनि पुरस्कृत गर्दा त्यतिखेर म धेरै खुसी भएको थिएँ ।

गत असारमा संस्थाले पशुपालन व्यवसायलाई लक्षित गरी पशु आहार तयार गर्ने तालिम पनि प्रदान गर्‍यो । खेर जाने कृषि उपज र स्थानिय कच्चा पदार्थबाट पशु आहार बनाउन संस्थाले सिकाएपछि पशुपालनमा थप हौसला मिलेको छ । आफ्नै लगानीमा तालिम लिन खोज्दा पनि नपाउने अवस्थामा सामुदायिक सहकारीले गाउँ घरमै यस्ता तालिमहरु सञ्चालन गर्दा हामी जस्ता कृषकहरुलाई थप हौसला मिलेको छ । जीवनस्तर परिवर्तन र सफलतामा सानो सानो सिकाईको पनि ठूलो भूमिका खेल्ने रहेछ भन्ने उदाहरण सामुदायिक सहकारीबाट प्राप्त भएको छ। म सामुदायिक सहकारीलाई धेरै धेरै धन्यबाद दिन चाहन्छु । संस्थाको सदैव उत्तरोत्तर प्रगतीको कामना गर्दछु ।

बिन्दा बजगाई
मण्डनदेउपुर-०३, बयरबोट, काभ्रेपलाञ्चोक ।
स.नं :५८३(०६)

# सफलताको कथा



मेरो नाम कृष्ण बहादुर ज्यु ठकुरी हो । मेरो घर रोशि गा.पा वडा नं १० वाल्टीङ हो । ग्रामिण दुर्गम भेगमा बसोबास भएको कारणबाट मेरो आर्थिक अवस्था कमजोर रहेको र दैनिक गुजारा गर्न पनि गाउँ घरको चर्को ब्याजमा ऋण चलाएर गुजारा गर्नुपर्ने अवस्था थियो । २०७६ साल जेठ महिना तिर सामुदायिक बचत तथा ऋण सहकारी संस्थाको कार्यक्रम वाल्टीङ वडा कार्यालयमा संचालन भएको छ भन्ने सुनेर म पनि त्यहि कार्यक्रममा सहभागि भएको थिएँ । त्यस कार्यक्रममा मैले संस्थाले सदस्यहरुलाई दिने सेवा सुविधाको बारेमा जान्ने मौका पाएँ । मैले आर्थिक उन्नती हुने केहि काम गर्नको लागि ऋण पनि पाईने कुरा थाहा पाएँ । म त्यहि समयमा संस्थाको सदस्यता लिएँ र नियमित मासिक बचत गर्न लागे। केहि समय पछि मैले गाउँमा नै आर्थिक उन्नति हुने केहि गर्नुपर्छ भन्ने ठानी कृषि तथा पशुपालनलाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने जमर्को गरेर संस्थामा ऋण माग गर्न गएँ ।

संस्थाको कर्मचारीहरुसँगको सर-सल्लाह बमोजिम भैंसी तथा बाख्रा खरिद गर्न संस्थाबाट ऋण लिएँ। अहिले पशुपालनबाट मैले आशाजनक आम्दानी गरिरहेको छु । मैले गाउँघरतिरबाट लिएको ऋण पनि तिरेको छु । घरायसी खर्च गरी संस्थामा पनि नियमित किस्ता तिरिरहेको छु । यहाँबाट बैंक सम्म जान पनि १ दिन लाग्ने, ग्रामिण तथा सडक सुविधासम्म राम्रो नरहेको स्थानमा संस्थाको सरहरु मासिक रुपमा बचत तथा किस्ता लिन गाउँघरमानै आउने गरेकाले धेरै सजिलो भएको छ । सामुदायिक सहकारीलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

कृष्ण बहादुर ज्यु
रोशि गा.पा-१०,वाल्टीङ, काभ्रेपलाञ्चोक
सदस्यता नं ४३२(०७)

## सामुदायिक साकोस र नेपाल रेडक्रस सोसाईटी बिच सहकार्य




सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को ३१औं स्थापना तथा एकीकरण दिवसको अवसरमा सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. र जिल्ला रेडक्रस सोसाईटी काभ्रेपलाञ्चोक शाखा बिच नि:शुल्क रगत उपलब्ध गराउने सम्झौता भएकोले रगत आवश्यक पर्ने शेयर सदस्यहरुले संस्थामा सम्पर्क राखी उक्त सेवाको प्रयोग गरी लाभान्वित हुनुहुन हार्दिक अनुरोध गर्दछौं ।